नेपाल सरकार

अर्थ मन्त्रालय

# सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

त्रिपुरेश्वर, काठमाण्डौं


## २०८३ जेठ मसान्तसम्मको सार्वजनिक ऋणको प्रतिवेदन

### १. सार्वजनिक ऋण दायित्वको अवस्था

चालु आर्थिक वर्षको शुरुमा कुल सार्वजनिक ऋण रु. २६ खर्ब ७४ अर्ब ०४ करोड रहेकोमा जेठ मसान्तसम्ममा विनिमय दरमा भएको नोक्सानी सहित रु. २ खर्ब ८७ अर्ब १४ करोड थप वृद्धि भई कुल सार्वजनिक ऋण दायित्व रु. २९ खर्ब ६१ अर्ब १९ करोड पुगेको छ। जुन कुल गार्हस्थ उत्पादनको ४४.८७ प्रतिशत हुन आउँछ। कुल सार्वजनिक ऋणमा जेठ मसान्तसम्ममा वैदेशिक ऋणको हिस्सा ५३.४९ प्रतिशत तथा आन्तरिक ऋणको हिस्सा ४६.५१ प्रतिशत रहेको छ।

तालिका १: सार्वजनिक ऋणको दायित्व स्थिति रु. करोडमा

| सि.नं. | ऋणको विवरण | सुरु मौज्दात (२०८२ श्रावण १) | २०८२/८३ को जेठ मसान्त सम्मको प्राप्ति | २०८२/८३ को जेठ मसान्तसम्मको भुक्तानी (व्याज बाहेक) | विनिमय नाफा/नोक्सान | जम्मा तिर्न बाँकी ऋण | कुल गार्हस्थ उत्पादनको आधारमा ऋण प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | जम्मा ऋण दायित्व | २६७,४०४.७७ | ४१,८१२.७२ | २८,४४५.६३ | (१५,३४७.८८) | २९६,११९.७४ | ४४.८७ |
| १ | आन्तरिक ऋण दायित्व | १२६,८२२.४१ | ३३,८६६.६९ | २२,९६०.७३ | ०.०० | १३७,७२८.३७ | २०.८७ |
| २ | वाह्य ऋण दायित्व | १४०,५८२.३६ | ७,९४६.०३ | ५,४८४.९० | (१५,३४७.८८) | १५८,३९१.३७ | २४.०० |




## २. सार्वजनिक ऋण परिचालनको वार्षिक लक्ष्य र प्राप्ति

चालु आर्थिक वर्षमा जम्मा रु. ५ खर्ब ९५ अर्ब ६६ करोड सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकोमा जेठ मसान्तसम्ममा रु. ४ खर्ब १८ अर्ब १२ करोड ऋण प्राप्ति भएको छ। वार्षिक लक्ष्यको तुलनामा कुल सार्वजनिक ऋण प्राप्ति ७०.२० प्रतिशत रहेको छ। जसमध्ये आन्तरिक र बाह्य ऋण प्राप्तिको प्रगति क्रमश ९३.५५ र ३४.०१ प्रतिशत रहेको छ। कुल सार्वजनिक ऋण प्राप्ति मध्ये आन्तरिक र बाह्य ऋणको हिस्सा क्रमशः ८१ र १९ प्रतिशत रहेको छ।

तालिका २: सार्वजनिक ऋण परिचालनको वार्षिक लक्ष्य र प्राप्ति स्थिति रु. करोडमा

| सि.नं. | ऋणको विवरण | २०८२/८३ को वार्षिक लक्ष्य | २०८२/८३ को जेठ मसान्त सम्मको प्राप्ति | प्राप्ति गर्न बाँकी | लक्ष्यको आधारमा प्राप्ति प्रतिशत | प्राप्तिमा आन्तरिक ऋण र बाह्य ऋणको हिस्सा |
|---|---|---|---|---|---|---|
| | जम्मा सार्वजनिक ऋण | ५९,५६६.३१ | ४१,८१२.७२ | १७,७५३.५९ | ७०.२० | १००.०० |
| १ | आन्तरिक ऋण | ३६,२००.०० | ३३,८६६.६९ | २,३३३.३१ | ९३.५५ | ८१.०० |
| २ | वाह्य ऋण | २३,३६६.३१ | ७,९४६.०३ | १५,४२०.२८ | ३४.०१ | १९.०० |

चित्र २: सार्वजनिक ऋण परिचालनको वार्षिक लक्ष्य र प्राप्ति स्थिति




## ३. सार्वजनिक ऋणको साँवा र व्याज भुक्तानीको बजेट र यर्थाथ खर्च

चालु आर्थिक वर्ष २०८२/८३ मा ऋण सेवा खर्चमा रु. ४ खर्व ११ अर्ब १ करोड बजेट विनियोजन भएकोमा जेठ मसान्तसम्म रु. ३ खर्ब ५१ अर्व ७४ करोड भुक्तानी भएको छ। यो वार्षिक बजेट विनियोजनको आधारमा ८५.५८ प्रतिशत हो। कुल गार्हस्थ उत्पादनको आधारमा जेठ मसान्तसम्ममा कुल ऋण सेवा खर्च ५.३३ प्रतिशत रहेको छ।

तालिका ३: सार्वजनिक ऋणको साँवा र व्याज भुक्तानीको बजेट र यथार्थ खर्च स्थिति रु. करोडमा

| सि.नं. | ऋणको विवरण | वार्षिक बजेट | २०८२/८३ को जेठ मसान्तसम्मको भुक्तानी | बाँकी बजेट | खर्च प्रतिशत | कुल गार्हस्थ उत्पादनको आधारमा ऋण सेवा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | जम्मा सार्वजनिक ऋण सेवा | ४१,१०१.०३ | ३५,१७४.७३ | ५,९२६.३० | ८५.५८ | ५.३३ |
| २ | आन्तरिक ऋण भुक्तानी | ३४,३५५.८७ | २८,५२१.८६ | ५,८३४.०१ | ८३.०२ | ४.३२ |
| | साँवा भुक्तानी | २५,०५९.७३ | २२,९६०.७३ | २,०९९.०० | ९१.६२ | ३.४८ |
| | व्याज भुक्तानी | ९,२९६.१४ | ५,५६१.१३ | ३,७३५.०१ | ५९.८२ | ०.८४ |
| ३ | वाह्य ऋण भुक्तानी | ६,७४५.१६ | ६,६५२.८७ | ९२.२९ | ९८.६३ | १.०१ |
| | साँवा भुक्तानी | ५,१८८.०० | ५,४८४.९० | (२९६.९०) | १०५.७२ | ०.८३ |
| | व्याज भुक्तानी | १,५५७.१६ | १,१६७.९७ | ३८९.१९ | ७५.०१ | ०.१८ |
| ४ | जम्मा साँवा खर्च | ३०,२४७.७३ | २८,४४५.६३ | १,८०२.१० | ९४.०४ | ४.३१ |
| ५ | जम्मा व्याज खर्च | १०,८५३.३० | ६,७२९.१० | ४,१२४.२० | ६२.०० | १.०२ |

चित्र ३: सार्वजनिक ऋणको साँवा र व्याज भुक्तानी स्थिति




## ४. खुद ऋण परिचालन

चालु आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्ममा सार्वजनिक ऋणको खुद परिचालन रु. १ खर्ब ३३ अर्ब ६७ करोड रहेको छ। यस अवधिमा सार्वजनिक ऋण वृद्धिमा खुद ऋण परिचालनको अंश ४६.५५ प्रतिशत भएको देखिन्छ। साथै, विदेशी विनिमय घाटा कुल ऋण वृद्धिको ५३.४५ प्रतिशत रहेको र विदेशी विनिमय घाटाका कारण आर्थिक वर्षको प्रारम्भमा कायम भएको सार्वजनिक ऋणमा ५.७४ प्रतिशत वृद्धि भएको छ।

तालिका ४: खुद ऋण परिचालन स्थिति — रु. करोडमा

| सि.न. | ऋणको विवरण | शुरु मौज्दात (२०८२ श्रावण १) | २०८२/८३ को जेठ मसान्त सम्मको प्राप्ति | २०८२/८३ को जेठ मसान्तसम्मको भुक्तानी (व्याज बाहेक) | विनिमय नाफा/नोक्सान (साँवा भुक्तानीमा) | २०८२/८३ को जेठ मसान्तसम्ममा तिर्न बाँकी सार्वजनिक ऋण | ऋणको खुद परिचालन | कुल वृद्धि |
|---|---|---|---|---|---|---|---|---|
| | जम्मा ऋण दायित्व | २६७,४०४.७७ | ४१,८१२.७२ | २८,४४५.६३ | (१५,३४७.८८) | २९६,११९.७४ | १३,३६७.०९ | २८,७१४.९७ |
| १ | आन्तरिक ऋण दायित्व | १२६,८२२.४१ | ३३,८६६.६९ | २२,९६०.७३ | ०.०० | १३७,७२८.३७ | १०,९०५.९६ | १०,९०५.९६ |
| २ | वाह्य ऋण दायित्व | १४०,५८२.३६ | ७,९४६.०३ | ५,४८४.९० | (१५,३४७.८८) | १५८,३९१.३७ | २,४६१.१३ | १७,८०९.०१ |

चित्र ४: खुद ऋण परिचालन स्थिति



## ५. आ.व. २०८२/८३ मा सार्वजनिक ऋणको प्राप्ति र भुक्तानीको मासिक विवरण

तालिका ५: सार्वजनिक ऋणको प्राप्ति र भुक्तानीको मासिक विवरण

रु. करोडमा

| सि.नं. | ऋण सेवा स्थिति | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पुष | माघ | फागुन | चैत्र | वैशाख | जेठ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आन्तरिक ऋण भुक्तानी | ३,२५८.७० | ३,५४४.२६ | २,८३८.१९ | ३,५२४.५६ | ६०२.३५ | १,७४५.५४ | १,५४७.४४ | ३,४१९.१२ | ४५७.८५ | २,६८१.५० | ४,९०२.३६ | २८,५२१.८६ |
| १.१ | साँवा भुक्तानी | २,७१०.०० | २,९३०.०० | २,३७५.०० | ३,२११.०० | २००.०० | १,२५०.०० | १,०००.०० | २,७०१.५३ | ०.०० | २,१८९.०० | ४,३९४.२० | २२,९६०.७३ |
| १.२ | व्याज भुक्तानी | ५४८.७० | ६१४.२६ | ४६३.१९ | ३१३.५६ | ४०२.३५ | ४९५.५४ | ५४७.४४ | ७१७.५९ | ४५७.८५ | ४९२.५० | ५०८.१६ | ५,५६१.१३ |
| २ | वाह्य ऋण भुक्तानी | ४४४.६९ | ६५५.२६ | ३२१.९० | ५७५.३३ | ९३६.३३ | २६५.६१ | १०५.४५ | ४४२.१३ | १,१५९.६८ | ७२६.३३ | १,०२०.१६ | ६,६५२.८७ |
| २.१ | साँवा भुक्तानी | ३४५.११ | ५२२.०० | २४२.४८ | ४९९.५६ | ७९५.५८ | २०८.६६ | ६२.७० | ३६६.३४ | ९९६.५९ | ५८६.९७ | ८५८.९२ | ५,४८४.९० |
| २.२ | व्याज भुक्तानी | ९९.५८ | १३३.२६ | ७९.४३ | ७५.७७ | १४०.७५ | ५६.९५ | ४२.७५ | ७५.७९ | १६३.०९ | १३९.३६ | १६१.२४ | १,१६७.९७ |
| ३ | ऋण प्राप्ति | ४,४६६.६१ | ३,६१८.७६ | २,३४१.३८ | ३,८३६.९७ | ३,५४९.१४ | ३,६४३.४६ | ४,१०५.६४ | ४,५२५.२४ | ४,८४१.३२ | १,७३८.२६ | ५,१४५.९४ | ४१,८१२.७२ |
| ३.१ | आन्तरिक ऋण प्राप्ति | ४,०००.०० | ३,०००.०० | २,०००.०० | ३,०००.०० | २,७६६.६९ | ३,०००.०० | ४,०००.०० | २,६००.०० | ४,०००.०० | १,५००.०० | ४,०००.०० | ३३,८६६.६९ |
| ३.२ | वाह्य ऋण प्राप्ति | ४६६.६१ | ६१८.७६ | ३४१.३८ | ८३६.९७ | ७८२.४५ | ६४३.४६ | १०५.६४ | १,९२५.२४ | ८४१.३२ | २३८.२६ | १,१४५.९४ | ७,९४६.०३ |

द्रष्टव्य:

१. वैदेशिक ऋण प्राप्ति तर्फ प्रतिवेदनको समयभित्र कार्यालयमा प्राप्त भएका Disbursement Letter को आधारमा अभिलेख राखिएको छ। यस अवधि भित्र समावेश हुने तर प्रतिवेदन समय पश्चात् Disbursement Letter प्राप्त भई प्रविष्टि हुँदा यस प्रतिवेदनमा उल्लेख गरिएको मासिक बाह्य ऋण प्राप्ति फरक पर्न सक्नेछ।

२. सम्वत् २०८३ वैशाख १५ गते राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित आर्थिक वर्ष २०८२/८३ को राष्ट्रिय लेखा सम्बन्धी वार्षिक तथ्याङ्कमा गणना गरिएको कुल गार्हस्थ उत्पादनलाई तुलनाको आधार लिइएको छ।

QR - Link for Monthly Report